कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७२/०७३

मिति: २०७२।०४।१५

## परीक्षाको आवेदन फारम भर्ने सूचना

यस विश्वविद्यालयको कृषि संकाय र पशु विज्ञान,पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०६९/०७० मा संचालित स्नातक तह **B.Sc.Ag.** र **B.V.Sc. & A.H.** पाँचौ सत्रको नियमित परीक्षा **(Regular Examination)** २०७२ साल भाद्र महिनाको अन्तिम सप्ताह देखि संचालन हुने भएकोले सो परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले २०७२ साल श्रावण १७ गते देखि श्रावण २९ गते सम्म नियमित शुल्कमा र तत्पश्चात विलम्व शुल्कमा २०७२ साल श्रावण ३१ गते देखि भाद्र ३ गते सम्म परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । र साथै परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २(दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फारम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| श्रावण ३१ गते देखि ३२ गते सम्म | रु. ३००।- |
| भाद्र १ गते देखि २ गते सम्म | रु. ५००।- |
| भाद्र ३ गते देखि ३ गते सम्म | रु. १,१००।- |

३. आन्तरीक मुल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

........................

प्रा.डा जगत लाल यादव

परीक्षा नियन्त्रक

परीक्षा नियन्त्रक

वेभसाइट : www.afu.edu.np सम्पर्क कार्यालय फोन नं. ०१-४१०६२४७, फ्याक्स नं. ०१-४१०६२२४८ पो.व.नं. १३७१२ विनायक, ध्रुवमार्ग, मीनभवन, काठमान्डौ ।